श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.२५५

पुनरावेदन नं.०७७-RB-०३२८

**मुद्दाः- मुल्य अभिवृद्धि कर (२०७३/०७४)।**

पुजा इन्टरनेशनल नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०५०१६२७२) को तर्फबाट अख्तियार प्राप्त संचालक/अध्यक्ष बिशाल अग्रवाल..........................१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट...............................................१
श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री धनिराम शर्मा
शुरु निर्णय मिति : २०७६/०३/३१

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर
निर्णय मितिः २०७७/०३/०८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री रमण कुमार कर्ण
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७७।०३।०८ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री पूजा इन्टरनेशनल नेपाल प्रा.लि.को आर्थिक वर्ष २०७३/०७४ को लागि मूल्य अभिवृद्धि करतर्फको अनुसन्धान गरी मू.अ.कर ऐन, २०५२ को दफा २० अनुसार कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम १५ दिनको म्याद दिई थप कर, दस्तुर, जरिवाना तथा व्याज समेत जम्मा रु. ७,२३,५६०।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी मिति २०७६/०३/१५ मा करदाताको नाउँमा जारी भएको आदेश।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०३/१५ मा जारी भएको आदेशको सूचना करदाताले मिति २०७६/०३/१६ मा बुझीलिई सो को जवाफ म्यादभित्रै मिति २०७६/०३/३० मा पेश गरेको।

३. प्रस्तुत करदाताको आ.व. २०७३।०७४ को लागि मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा २९(१क) बमोजिम कर बिगोको २५ प्रतिशत जरिवाना र दफा १९ तथा दफा २६ बमोजिम क्रमशः थप दस्तुर र व्याजको गणना समेत गरी मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(३) बमोजिमको कर निर्धारण निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०३/३१ मा भएको निर्णय।

४. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको २०७६।०३।३१ मा भएको निर्णय उपर चित्त नबुझाई करदाताले प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभाग समक्ष मिति २०७६।०६।८ निवेदन पेश गरेका।

५. करदाता र आपुर्तिकर्ता कम्पनी **Volkswagen India Pvt.ltd.** विचको सम्झौतावाट वारेन्टी खर्च यस कम्पनीले दावी भुक्तानी समेत गरेको देखिएकोले सोमा दावी मु.अ.कर रू. ४,५८,८०६।- मु.अ.कर ऐन २०५२ को दफा १७ (१) वमोजिम दावी गर्न नमिल्ने लगायतका कारणबाट करदाताको हकमा ठूला करदाता कार्यालयबाट भएको निर्णय कानून सम्मत नै देखिँदा उक्त निर्णय सदर हुने ठहर्छ भन्ने

समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०८ मा भएको निर्णय।

६. करदाता कम्पनी र निर्यातकर्ता कम्पनी बीच भएको सम्झौतामा Warranty वापतको लागत खर्चको मात्र सोधभर्ना भएको, कानून बमोजिमको सम्झौतामा उल्लेख भए बमोजिम Volkswagen India Pvt.ltd. ले पुनरावेदक कम्पनीलाई लागत वापतको रकम शोधभर्ना गरेको भएतापनि मू.अ.कर वापतको रकमका सम्बन्धमा सम्झौतामा उल्लेख नगरिएको अवस्थामा दावी गरिएको रकम कारोवारसँग असम्बन्धित भन्ने जिकिर लिई मू.अ.कर ऐन, २०५२ को दफा १७ बमोजिम कट्टी अमान्य हुने गरी ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश त्रुटिपूर्ण छ। डेमरेज वापतको शुल्क नियमित खर्च नभई काबु बाहिरको परिस्थितिले गर्दा आयातित सामान छुटाउन निर्धारित समयभन्दा ढिलो भएकोले क्रेडिट पाउनु पर्नेमा ठूला करदाता कार्यालयले कर निर्धारणको क्रममा उक्त रकम निर्धारित समयमा नै मालवस्तुको जाँचपास नगरी ढिलो गरे वापत भएकोले ढिलो गरेवापत तिरेको दस्तुर रकम करदाताले तिरेको जरिवाना वापतको हुने हुँदा सो वापतको खर्च रकममा आयकरतर्फ समेत कर कट्टी नपाउने भनी लिएको आधार तर्कसंगत नभएको अवस्था विपक्षी कार्यालयवाट जारी अन्तिम कर निर्धारण आदेश तथा सो सम्बन्धि निर्णय पर्चामा उल्लेखित निर्णयाधार कानुनी रुपमा त्रुटिपुर्ण तथा पुर्वाग्रह भएकोले सो बदर गरि आन्तरिक राजस्व विभागवाट भएको निर्णय समेत बदर गरी कानून विपरित को कर, बिलम्व शुल्क, जरिवाना लगायतका दायित्वबाट कानुनी उन्मुक्ती पाउँ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७७/०७/२३ मा दर्ता भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०१/२३ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमण कुमार कर्णले प्रतिकूल परिस्थितिका कारण करदाताले आयातित सामान छुटाउन नसकेको अवस्थामा विना ठोस आधार तथा प्रमाण डेमरेज शुल्क वापत कर निर्धारण गर्ने गरी भएको अन्तिम कर निर्धारण आदेश विधिसम्मत नभएको लगायतका कारणबाट सुरु निर्णय त्रुटिपूर्ण रहेको हुँदा सो बदर गरी पाउँ भनी तथा प्रत्यर्थी ठूला करदाता कार्यालय,

ललितपुरका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताको हकमा भएको अन्तिम कर निर्धारण आदेश कानूनसम्मत नै रहेकोले सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागको महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. करदाताको पहिलो पुनरावेदन जिकिर ठूला करदाता कार्यालय, ललितपुरबाट Warranty Expenses वापतको रकममा निर्धारण गरिएको मू.अ.करका सम्बन्धमा रहेको देखिन्छ। करदाता र आपूर्तिकर्ता कम्पनी Volkswagen India Pvt.ltd. वीचको सम्झौताबाट वारेन्टी खर्च करदाताले भुक्तानी समेत गरेको देखिएकोले सो मा दावी मू.अ.कर रु.४,५८,८०५।- मू.अ.कर ऐन, २०५२ को दफा १७(१) बमोजिम क्रेडिट दावी गर्न नमिल्ने भन्ने व्यहोरा ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेशको क्रममा उल्लेख भएको देखिन्छ। करदाता कम्पनी र निर्यातकर्ता कम्पनीबीच भएको सम्झौतामा Warranty वापतको लागत खर्चको मात्र सोधभर्ना भएको, कानून बमोजिमको सम्झौतामा उल्लेख भए बमोजिम Volkswagen India Pvt.ltd. ले पुनरावेदक कम्पनीलाई लागत वापतको रकम शोधभर्ना गरेको भएतापनि मू.अ.कर वापतको रकमका सम्बन्धमा सम्झौतामा उल्लेख नगरिएको अवस्थामा दावी गरिएको रकम कारोवारसँग असम्बन्धित भन्ने जिकिर लिई मू.अ.कर ऐन, २०५२ को दफा १७ बमोजिम क्रेडिट दावी अमान्य हुने गरी ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश त्रुटिपूर्ण भएकोले सो बदर हुनु पर्दछ भन्ने करदाताको मुख्य पुनरावेदन मागदावी रहेको देखिन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ ले कर कट्टी सम्बन्धी व्यवस्थालाई अंगिकार गरेको पाईन्छ। सोही दफाको उपदफा (१) मा "दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोवारसँग सम्बन्धित वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नुपर्ने करको रकम आफूले उठाएको करको रकमबाट कट्टी गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था उल्लेख भएको पाईन्छ। करदाताले कर परीक्षणको क्रममा ठूला करदाता कार्यालयमा पेश गरेको Volkswagen India Pvt.ltd. बाट जारी भएको Purchase Contract सम्बन्धी पत्रको बुँदा नं.११ मा वारेन्टी वापतको Volkswagen India Pvt.ltd. ले करदाता कम्पनीलाई शोधभर्ना वापत दिने भन्ने व्यहोरा उल्लेख भएबाट वारेन्टी वापतको

दायित्व आपूर्तीकर्ता कम्पनीमा रहने भन्ने कुराको ईंकित गर्दछ। उपरोक्त वाक्यांशले वारेन्टीसँग सम्बन्धित खर्चहरु करदाता पूजा ईन्टरनेशनल नेपाल प्रा.लि.ले बहन नगरी आपूर्तीकर्ता कम्पनी बाट नै भुक्तानी हुने देखिन्छ। यसप्रकार Warranty वापतको खर्चहरु पुनरावेदक करदाताले बहन गर्नु नपर्ने अवस्था सिर्जना भएको परिप्रेक्षमा सो सँग सम्बन्धित खरिदमा तिरेको मू.अ.कर दावी गर्ने करदाताको जिकिर युक्तिसंगत नहुँदा करदाताले क्रेडिट दावी गरेको मू.अ.कर रु.४,५८,८०५।- मू.अ.कर ऐन, २०५२ को दफा १७(१) बमोजिम दावी गर्न नमिल्ने भन्ने आधार लिई ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारणको आदेश तथा सोही आदेश सदर गर्ने गरी महानिर्देशकबाट भएको निर्णय समेत कानून सम्मत देखियो।

११. करदाताले लिएको अर्को पुनरावेदन जिकिर ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताले निर्धारित समयमा नै भंसारबाट सामान नछुटाए वापत तिरेको डेमरेज शुल्क रु.९,२४,९५७।- को कानून बमोजिम हुने मू.अ.कर रु.१,२०,२४४।- क्रेडिट नपाउने गरी भएको अन्तिम कर निर्धारण आदेशका सम्बन्धमा रहेको देखिन्छ। डेमरेज वापतको शुल्क नियमित खर्च नभई काबु बाहिरको परिस्थितिले गर्दा आयातित सामान छुटाउन निर्धारित समयभन्दा ढिलो भएकोले क्रेडिट पाउनु पर्नेमा ठूला करदाता कार्यालयले कर निर्धारणको क्रममा उक्त रकम निर्धारित समयमा नै मालवस्तुको जाँचपास नगरी ढिलो गरेवापत तिरेको दस्तुर रकम करदाताले तिरेको जरिवाना वापतको हुने हुँदा सो वापतको खर्च रकममा आयकरतर्फ समेत कर कट्टी नपाउने भनी लिएको आधार तर्कसंगत नभएको भन्ने करदाताको जिकिर रहेको देखिन्छ। करदाताले काबु बाहिरको परिस्थितिले गर्दा आयातित सामान छुटाउन निर्धारित समयभन्दा ढिलो भएकोले क्रेडिट पाउनु पर्ने भन्ने मागदावी लिएतापनि करदाताले भन्सार ऐन, २०६४ को दफा ७२ वमोजिम त्यस्तो शुल्क भन्सार अधिकृतबाट मिनाहा गराउन सकेको देखिएन। यसरी करदाताले काबु बाहिरको परिस्थितिको कारण आयातित सामान छुटाउन निर्धारित समयभन्दा ढिलो भए वापत निर्धारित डेमरेज शुल्क निर्धारित समयमा मालवस्तुको जाँचपास नगराएको कारण सिर्जना भएको देखिन्छ जुन रकम जरिवाना सरह हुने र आयकर तर्फ आयकर ऐन, २०५८ को दफा २१(१) वमोजिम उक्त रकममा खर्च कट्टी दावी गर्न नपाईने अवस्थामा डेमरेज शुल्कको मू.अ.कर रकममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(१) वमोजिम क्रेडिट दावी समेत गर्न नपाइने गरी भएको सुरु कर निर्धारण आदेश कानूनसम्मत नै देखियो।

१२. तसर्थ माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री पूजा इन्टरनेशनल नेपाल प्रा.लि.(स्थायी लेखा नं.३०५०१६२७२) को आ.व. २०७३/०७४ को मूल्य अभिवृद्धि कर तर्फ ठूला करदाता कार्यालय ललितपुरबाट

मिति २०७६।०३।३१ मा अन्तिम कर निर्धारण गर्ने गरी गरेको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०८ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड**

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः प्रमोद रिजाल
कम्प्यूटर अपरेटरः चन्द्र बहादुर नेपाली
ईति सम्वत् २०७९ साल चैत्र १२ गते रोज १ शुभम् ------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-
राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप